## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
## स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
## सानोठिमी, भक्तपुरको
## श्री कालिकोट त्रिरत्ना टेक्निकल इन्ष्टिच्यूट, विरेन्द्रनगर न.पा.-४, भैरवस्थान, सुर्खेतको नाम परिवर्तन सम्बन्धमा ३५ दिने हकदावी उजुरी सम्बन्धी जरुरी सूचना !
## प्रकाशित मिति २०७९/११/१७

यस परिषद् कार्यालयबाट प्रि-डिप्लोमा तहको सिभिल सव-ओभरसियर तालीम कार्यक्रमहरुको सम्बन्धन/स्वीकृति लिएको संस्था श्री कालिकोट त्रिरत्ना टेक्निकल इन्ष्टिच्यूट, विरेन्द्रनगर न.पा.-४, भैरवस्थान, सुर्खेतले संस्थाको नाम परिवर्तन गरी श्री कर्णाली बहुप्राविधिक शिक्षालय प्रा.लि.कायम गराई पाँउ भनी पेश गरेको निवेदन माथि कारवाही हुदाँ यस परिषद् कार्यालयको मिति २०७९/१०/०५ गतेको निर्णय अनुसार नाम परिवर्तन सहमती/स्वीकृति प्रकृया अगाडी बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृति प्रि-डिप्लोमा तहको सिभिल सव-ओभरसियर तालीम कार्यक्रम प्रति दावी विरोधको लागि परिषद् कार्यालयको वेव साइट र राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गरिएकोमा परिवर्तित नाम उपर विरोध गुनासो आएका कारणले उक्त संस्थाका तर्फबाट पुनः पश्चिम नेपाल वहु प्राविधिक शिक्षालय विरेन्द्रनगर नं.पा.-४, भैरवस्थान, सुर्खेत कायम गराई पाउँ भनी पेश गरेको निवेदन माथि कारवाही हुंदा यस परिषद् कार्यालयको मिति २०७९/११/१६ गतेको निर्णय अनुसार नाम परिवर्तन सहमति/स्वीकृति प्रकृया अगाडी बढाउने प्रयोजनको लागि उल्लेखित संस्था र सम्बन्धन/स्वीकृत प्रि-डिप्लोमा तहको Civil Sub overseer कार्यक्रम प्रति कोही कसैको हकदावी विरोध गुनासो आदि भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित लिखित जानकारी गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित समय भित्र कसैको उजुरी नपरेमा वा हकदावीको समय समाप्त भएपछि माग भई आए अनुसार संस्थाको नाम परिवर्तन भई नयाँ नाम श्री पश्चिम नेपाल बहुप्राविधिक शिक्षालय कायम हुने र म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**सम्पर्कका लागि**
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**सानोठिमी भक्तपुर। फोन नं. ०१-६६३०४०८**